नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ११२१

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :- २०७७।०८।१६

**विषय: वैकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने बारे ।**

श्री स्थानिय तहहरु सबै, (नेपाल राजपत्रमा प्रकासित सूचना अनुसार प्रथम चरण मिति २०७७।०८।०१ देखि अनिवार्य रुपमा बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहहरु मात्र)

नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता अनिवार्य रुपमा वैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने व्यवस्था लागु गरी मिति २०७७।०७।२४ मा राजपत्र (खण्ड ७० संख्या २९ भाग ५) मा समेत सूचना प्रकाशित गरेको व्यहोरा ताँहा अवगतै छ । उक्त सूचना अनुसार प्रथम चरणमा परेको अधिकांश स्थानीय तहहरुबाट यस अघि नै बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण हुदै आएको भएता पनि केही स्थानीय तहहरुबाट वैकिङ्ग प्रणालीमा जान बाँकी रहेको बुझिएकोले यो पत्र लेखिएको छ । प्रथम चरणमा परेको त्यस स्थानीय तहको लागि मिति २०७७।०८।०१ देखि नै यो व्यवस्था लागु भईसकेको छ र अब दोश्रो चौमासिक किस्ता वितरण गर्दा अनिवार्य रुपमा वैकिङ्ग प्रणाली मार्फत मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने हुँदा यथाशिघ्र सेवा प्रदायक बैंक छनौट गर्ने, बैंक सँग सम्झौता गर्दा संलग्न ढाँचामा अनुसारको सम्झौता गर्ने तथा बैंकलाई सामाजिक सुरक्षा बचत खाता खोल्नका लागि व्यवस्थापन सूचना प्रणाली (MIS) मार्फत लाभग्राहीको अध्यावधिक सूची उपलब्ध गराउनु पर्ने हुँदा सो कार्यमा समयमै ध्यान दिई सम्पन्न गर्न हुन र बैंक सँगै सम्झौता भईसकेको भए सो को फोटोकपी विभागमा उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

(बिष्णु लामिछाने)
निर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np